COVID-19 खोप

# तथ्यहरू प्राप्त गर्नुहोस् ।

खोपहरू दम्पती, गर्भवती महिला र नयाँ आमा तथा बुबा बनेकाहरूका लागि सुरक्षित छन् ।

## आफूलाई सुरक्षित राख्नुहोस् ।
## आफ्नो परिवारलाई सुरक्षित राख्नुहोस् ।
## खोप लगाउनुहोस् ।

खोप लगाउनु भनेको तपाईं बलियो तथा स्वस्थ रहन सक्ने एउटा तरिका हो जसले गर्दा तपाईंले आफ्नो परिवारका लागि भरणपोषण गर्न जारी राख्न सक्नुहुन्छ । तपाईंले खोप लगाउँदा तपाईंले आफ्ना बच्चाहरूको पनि सुरक्षा गर्नुहुन्छ किनभने त्यसले आफ्ना प्रियजनहरूलाई सङ्क्रमण गराउने तपाईंको सम्भावनालाई कम गरिदिन्छ ।

## निम्न अवस्थाहरूमा खोपहरू सुरक्षित छन्:


तपाईंले बच्चाहरू पाउनुभन्दा पहिले


तपाईं गर्भवती हुँदा


तपाईंले बच्चालाई जन्म दिएपछि


तपाईंका बच्चाहरू ठूलो हुँदा

## खोपहरू निम्न छन्:

- **सुरक्षित:** खोप विभिन्न जाति, जातीयता तथा उमेरहरूका लगायत करोडौं मानिसहरूमा सुरक्षित रहेको छ भन्ने प्रमाणित गरिएको छ । तपाईंको बच्चा खोपले भन्दा पनि COVID-19 सङ्क्रमणबाट गम्भीर रूपमा बिरामी हुन सक्ने सम्भावना अझ बढी हुन्छ ।
- **प्रभावकारी:** खोपले तपाईंलाई COVID-19 लाग्नबाट सुरक्षा दिन्छ । तपाईं बिरामी भइहाल्नु भयो भने पनि खोपले तपाईंलाई गम्भीर रूपमा बिरामी र मृत्यु हुनबाट पनि रोक्छ ।
- **नि:शुल्क:** तपाईंको आप्रवासनको स्थिति जेजस्तो भएतापनि वा तपाईंसँग परिचयपत्र वा चिकित्सकीय बीमा भए वा नभए पनि खोपहरू सबैका लागि नि:शुल्क छन् ।

NRC-RIM
National Resource Center for Refugees, Immigrants, and Migrants

17 Feb 2022

cdc.gov/coronavirus

# निम्न अवस्थाहरूमा खोपहरू सुरक्षित छन्:



### तपाईंले बच्चाहरू पाउनुभन्दा पहिले

COVID-19 खोपहरू भविष्यमा बच्चा जन्माउन चाहने पुरुषहरू र गर्भवती हुन खोजिरहेका महिलाहरूका लागि सुरक्षित छन्।

खोपहरूले पुरुष वा महिलाहरूलाई बच्चा पाउन असमर्थ गराउँछन् भन्ने कुराको कुनै पनि प्रमाण छैन।

---



### तपाईं गर्भवती हुँदा

तपाईं गर्भवती हुदाँ गर्भवती महिलाहरूका लागि COVID-19 खोपहरू सुरक्षित छन र एकदमै सिफारिस गरिन्छ। लाखौं गर्भवती महिलाहरूलाई उनीहरू आफैं वा उनीहरूका शिशहरूलाई कुनै समस्याहरू नभइकनै सुरक्षित रूपमा खोप लगाइएको छ।

गर्भवती महिलाहरूलाई COVID-19 लाग्यो भने उनीहरू गम्भीर रूपमा बिरामी पर्ने सम्भावना बढी हुन्छ। उनीहरूले समय नपगिकनै जन्म दिने जोखिम पनि बढी हुन्छ।

COVID-19 खोप भनेको COVID-19 बाट आइपर्ने जोखिमहरूबाट आफू र आफ्नो परिवारलाई सुरक्षित राख्ने सबैभन्दा उत्तम तरिका हो।

---



### तपाईंले बच्चालाई जन्म दिएपछि

स्तनपान गराइरहेका महिलाहरूका लागि COVID-19 खोपहरू सुरक्षित छन् र एकदमै सिफारिस गरिन्छ।

स्याहारकर्ताहरूले COVID-19 खोप लगाउँदा उनीहरूले आफ्नो नवजात शिशुलाई पनि सुरक्षित राख्न मद्दत गर्छन्:

- आमाको दुधमा आफ्ना शिशुहरूलाई COVID-19 बाट सुरक्षित राख्नमा मद्दत गर्ने एन्टिबडीहरू हुन सक्छन्।
- खोप लगाएका स्याहारकर्ताले खोप लगाउनका लागि एकदमै सानो उमेर भएका आफ्नो शिशुलाई सङ्क्रमित गराउने सम्भावना कम हुन्छ।

---



### तपाईंका बच्चाहरू ठूलो हुँदा

खोप लगाउनका लागि उमेर पुगेका बालबालिका तथा युवाहरूले आफ्नो खोप लगाएपछि उनीहरू सबैभन्दा बढी सुरक्षित हुनेछन्।

खोपले बालबालिका तथा युवाहरूसहित सबैजनालाई COVID-19 लाग्नबाट सुरक्षित गराउँछ। बालबालिका तथा युवाहरू बिरामी भइहाले पनि खोपले उनीहरूलाई गम्भीर रूपमा बिरामी हुनबाट पनि रोक्छ।

खोपले तपाईंको बच्चालाई भविष्यमा आफ्नै बच्चा पाउन रोक्ने छैन। COVID-19 खोपले यौवन वा भविष्यको प्रजनन क्षमतालाई असर गर्दैन।

## आफूलाई सुरक्षित राख्नुहोस्। आफ्नो परिवारलाई सुरक्षित राख्नुहोस्। खोप लगाउनुहोस्।

NRC-RIM
National Resource Center for Refugees, Immigrants, and Migrants

cdc.gov/coronavirus

17 Feb 2022